# सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय

मानवश्रोत विभाग

(भर्ना तथा छनौट शाखा), हलचोक, स्वयम्भू काठमाण्डौ ।

## नयाँ भर्ना सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९/०४/१३ गते, सूचना नं. :- ०१(०७९/०८०)

सशस्त्र प्रहरी बल, नेपालमा रिक्त रहेको प्राविधिक समूह (स्वास्थ्य) तर्फका उल्लेखित पदहरुमा खुला प्रतियोगिताद्वारा पदपूर्तिका लागि देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रु. १०/- को टिकट टाँसी (स्वयं उपस्थित भई) दरखास्त आह्वान गरिन्छ ।

१. **दरखास्त लिने मिति** :- २०७९/०४/१३ गते, बिहान १०:०० बजे देखि २०७९/०५/१२ गते, १७:०० बजे सम्म ।

२. **सम्पर्क मिति** :- २०७९/०५/१४ गते, बिहान ११:०० बजे सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय, भर्ना तथा छनौट शाखा, हलचोक ।

३. **दरखास्त फाराम बुझाउने स्थान** :- सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय, भर्ना तथा छनौट शाखा, हलचोक ।

४. **नियुक्ति हुनको लागि आवश्यक योग्यता** :-

| सि.नं. | दर्जा | उमेरको हद | आवश्यक न्युनतम योग्यता |
|---|---|---|---|
| १. | प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (चिकित्सक) | विज्ञापन प्रकाशित भएको दिन २१ वर्ष पूरा भई ३० वर्ष ननाघेको | क. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एम.बि.बि.एस. उत्तीर्ण वा सो सरह उपाधी प्राप्त गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको,<br>ख. आँखा माईनस २.५ वा प्लस २.५ भन्दा बढी कमजोर नभएको,<br>ग. पुरुषको हकमा छाती नफुलाउँदा कम्तिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको (महिलाको लागि नपर्ने),<br>घ. पुरुषको लागि कम्तिमा पाँच फिट दुई इन्च र महिलाको लागि कम्तिमा पाँच फिट उचाई भएको,<br>ङ. पुरुषको लागि कम्तिमा ५० के.जी. र महिलाको लागि कम्तिमा ४२ के.जी. तौल भएको,<br>च. नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको,<br>छ. प्रधान कार्यालयले तोकेको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको (परीक्षाको क्रममा सञ्चालन हुने),<br>ज. आफुले अध्ययन गरेको शिक्षण संस्था र आफ्नो नातेदार बाहेकका अन्य दुई जना नेपाल सरकारको बहालवाला राजपत्राङ्कित अधिकृतबाट राम्रो चरित्रको सिफारिस पाएको,<br>झ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,<br>ञ. दरखास्त दिंदाका बखत राजनीतिक दलको सदस्य नरहेको,<br>ट. आतङ्ककारी संगठनको सदस्य नरहेको,<br>ठ. भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको,<br>ड. मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय नपाएको,<br>ढ. नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको । |
| २. | प्राविधिक सशस्त्र प्रहरी नायब निरीक्षक (स्टाफ नर्स) | विज्ञापन प्रकाशित भएको दिन १८ वर्ष पूरा भई २७ वर्ष ननाघेको | क. मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उपाधी प्राप्त गरी नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको,<br>ख. सशस्त्र प्रहरी निरीक्षक (चिकित्सक) पदका लागि तोकिए बमोजिम (क) बाहेक अन्य योग्यता पूरा भएको । |

५. आवश्यक पद संख्या :-

| पद | विज्ञापन नं. | खुला | अमर/अशक्त | समावेशी | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | स.प्र.क. सन्तती | महिला | आ/ज | मधेसी | दलित | पि.क्षे. | |
| प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (चिकित्सक) | ०१(०७९/०८०) | ११ | १ | २ | ४ | ३ | १ | - | २२ |
| प्राविधिक सशस्त्र प्रहरी नायब निरीक्षक (स्टाफ नर्स) | ०२(०७९/०८०) | २५ | १ | ४ | ७ | ५ | ३ | १ | ४६ |

६. राजश्व दस्तुर :-

| सि.नं. | पद | दस्तुर |
|---|---|---|
| १. | प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (चिकित्सक) | दरखास्त बुझाउँदा रु.१००० (एक हजार) बुझाउनु पर्ने छ । साथै समावेशी समूहतर्फ समेतको दरखास्त फाराम बुझाउँदा थप समूहको लागि प्रति समूह परीक्षा दस्तुरको २०% रकम थप दस्तुर बुझाउनु पर्नेछ एवं उक्त दस्तुर वापतको शुल्क यस कार्यालयको कोड ३१४०५३५०७, राजश्व शिर्षक नं. १४२२४ मा राष्ट्रिय बाणिज्य बैंक लि. केन्द्रीय कार्यालयमा रहेको सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयको खाता नं. १०००१००२०००१०००० मा जम्मा गर्नु भई सो को सक्कल भौचर दरखास्त फाराम साथ पेश गर्नुपर्ने छ । |
| २. | प्राविधिक सशस्त्र प्रहरी नायव निरीक्षक (स्टाफ नर्स) | दरखास्त बुझाउँदा रु.४०० (चार सय) बुझाउनु पर्ने छ । साथै समावेशी समूहतर्फ समेतको दरखास्त फाराम बुझाउँदा थप समूहको लागि प्रति समूह परीक्षा दस्तुरको २०% रकम थप दस्तुर बुझाउनु पर्नेछ एवं उक्त दस्तुर वापतको शुल्क यस कार्यालयको कोड ३१४०५३५०७, राजश्व शिर्षक नं. १४२२४ मा राष्ट्रिय बाणिज्य बैंक लि. केन्द्रीय कार्यालयमा रहेको सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयको खाता नं. १०००१००२०००१०००० मा जम्मा गर्नु भई सो को सक्कल भौचर दरखास्त फाराम साथ पेश गर्नुपर्ने छ । |

७. **दरखास्त साथ विज्ञापनमा उल्लेख भएका देहायका कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ :-**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी -१ (एक) प्रति ।

(ख) हाल सालै खिचेको पासपोर्ट साइजको दुबै कान देखिने फोटो -३ (तिन) प्रति ।

(ग) आफूले प्राप्त गरेको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी १/१ प्रति (प्रत्येक तहको चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाणपत्र र मार्कसिट सहित तथा नेपाल बाहिर अध्ययन गरेको हकमा उच्च माध्यामिक शिक्षा परिषद्/ त्रि.वि.वि. बाट समकक्षता निर्धारणको प्रमाणपत्र) (Equivalent Certificate) ।

(घ) अमर/अशक्त सशस्त्र प्रहरी कर्मचारीहरुको सन्ततिहरुको लागि अमर/अशक्त भएको पुष्टि हुने कागज पत्र र नाता प्रमाणित कागजपत्र ।

(ङ) आदिवासी/जनजाती समूहका लागि नेपाल आदिवासी/जनजाती राष्ट्रिय उत्थान प्रतिष्ठानबाट आदिवासी/जनजाती भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपी -१ (एक) प्रति ।

(च) मधेसी समूहका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमका संस्थाबाट मधेसी भनी प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपी -१ (एक) प्रति ।

(छ) दलित समूहका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपी -१ (एक) प्रति ।

(ज) पिछडिएका क्षेत्रका लागि अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाटनै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको र सम्वन्धित गाँउपालिका वा नगरपालिकाबाट दरखास्त दिँदाका बखतसम्म सोही स्थानमा स्थायी बसोवास भएको भन्ने सिफारिसको सक्कल प्रति ।

८. **परीक्षा विधि :-**

(क) प्रारम्भिक शारीरिक परिक्षण | (ख) शारीरिक सहिष्णुता परीक्षा | (ग) विस्तृत स्वास्थ्य परिक्षण

(घ) लिखित परीक्षा | (ङ) विशेष स्वास्थ्य परीक्षण | (च) अन्तर्वार्ता

पुनश्च :-

(क) हरेक चरणको परीक्षा समाप्ति पछि नतिजा प्रकाशन गरिने छ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को परीक्षामा सम्मिलित गराईने छ।

(ख) परीक्षा सञ्चालन गर्दा खुला तथा समावेशीतर्फ एउटै परीक्षा सञ्चालन गरिने छ र निजहरुले प्राप्त गरेको अंकको आधारमा समावेशी समूहतर्फका उम्मेदवारहरु बीच मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

(ग) **बुदा नं. ८ को (घ) मा उल्लेखित लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ ।**

(घ) अन्तर्वार्ता परीक्षाको नतिजा प्रकाशन गर्दा निम्नानुसार क्रममा गरिनेछ ।

(अ) खुला | (आ) महिला | (इ) आदिवासी/जनजाती | (ई) मधेसी

(उ) दलित | (ऊ) पिछडिएको क्षेत्र | (ए) अमर/अशक्त स.प्र.क. सन्तती

(ङ) नियुक्ति पाएपछि सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयबाट निर्धारण गरेको पाठ्यक्रम अनुसारको आधारभूत तथा अन्य तालिम गर्नु पर्नेछ ।

(च) अन्तर्वार्ता परीक्षाको नतिजा प्रकाशन नहुँदा सम्म रिक्त हुन आएका पद समेत यसै विज्ञापनमा समावेश गर्न सकिनेछ ।

(छ) दरखास्त फाराम सशस्त्र प्रहरी बल, नेपालको ***website: www.apf.gov.np*** बाट डाउनलोड गरेर वा फोटोकपी गरेर आवश्यक कागजपत्रहरु राखी तोकिएको स्थानमा बुझाउन सकिनेछ ।

(ज) दरखास्त फाराम पेश गर्दा सक्कल प्रमाण पत्रहरु साथमानै ल्याउनु पर्नेछ ।

(झ) प्रारम्भिक शारीरिक परीक्षणको बखत आउदाँ उम्मेदवारहरुले अनिवार्य रुपमा दुवै कान देखिने गरी कपाल छोटो काटेको हुनुपर्नेछ (पुरुषको लागि मात्र) ।

(ञ) छनौट परीक्षाको अवधिभर कुनै किसिमको दूर्घटना भएमा सो को जिम्मेवार उम्मेदवार स्वयं हुनेछ ।

**नोट** :- उम्मेदवारहरुले परीक्षाको मिति, स्थान, समय र परीक्षाको नतिजा सशस्त्र प्रहरी बल, नेपालको वेभ साईट ***www.apf.gov.np*** बाट तथा नेपाल टेलिकमको ***SMS*** सेवा मार्फत ***RCT<Space>*** दर्ता नं. टाईप गरी १११४ मा ***SMS*** गरी जानकारी लिन सकिनेछ, तर प्राविधिक कारणवस नतिजा बाझिन गएमा आधिकारिक पत्रद्वारा प्रकाशित सूचना नै मान्य हुनेछ ।

मानवश्रोत विभाग, मानवश्रोत निर्देशनालय,
**भर्ना तथा छनौट शाखा,**
सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय,
हलचोक, काठमाण्डौ ।

मितिः- २०७९।०४।१३ गते ।